## Q मैले समस्या परेका बेला कसलाई फोन गर्नु पर्छ?









**A**

तपाईं समस्यामा हुनुहुन्छ भने कृपया आपतकालीन अवस्थामा कुनै घटना / दुर्घटना भएका बेला प्रहरी **「110」** लाई कल गर्नुहोस्

आगलागी भएमा, बिरामी भएमा वा चोटपटक लागेमा कृपया **「119」** मा दमकललाई कल गर्नुहोस्

## Q प्रहरीलाई सम्पर्क तथा रिपोर्ट गर्न के गर्नु पर्छ?




**A**

तपाई कुनै ट्राफिक दुर्घटना वा अपराधको सिकार भएको भएको खण्डमा, प्रहरीको आपतकालीन सहयोगको लागि "110" मा फोन गर्नुहोस्।

जापानी भाषा बोल्न नसके पनि दोभाषेले तपाईले भेनेको कुरा उल्था गरिदिन्छ।

अरुको सामान भेट्टाएको खण्डमा, नजिकको प्रहरी कार्यलय वा प्रहरी चौकी ("KOBAN") मा बुझाउनुहोस्।

प्रहरी परामर्श केन्द्र

「#9110」

ले सल्लाह सामग्री तथा कहाँ सम्पर्क गर्ने भन्ने बारेमा सिकाइरहेको छ ।

## Q जापानमा प्रमुख यातायत नियमहरू के कस्ता छन्?





**A**

· सिद्धान्ततः जापानमा बटुवायात्रीहरू बाटोको दायाँ अनि मोटर र साइकल जसता सवारी साधनहरू बायाँतिर रहनु पर्छ र सवारी चालकले बटुवायात्रीलाई नै प्राथमिकता दिनु पर्छ।

· बटुवायात्रीहरू पेटीबाट हिंड्नु पर्छ र बाटो काट्दा जेब्राक्रासिंग भएको ठाउँबाट बाटो काट्नु पर्छ।

· साइकलले मोटरबाटो हिंड्दा बायाँ किनारामा एक लाइन भएर चलाउनु पर्छ।

· साइकलको लागि संकेतबाट देखाइएको खणडमा अथवा मोटरबाटोबाट जान खतरा देखिएको खण्डमा मात्र पेटीमा साइकल चढ्न दिइएको छ। पेटीमा हिंड्ने बटुवायात्रीलाई अवरोध नहुने गरी साइकल चढ्नु पर्छ।

· यातायात लाइटको व्यवस्था भएको बाटोमा त्यस संकेतलाई मान्नु पर्छ।

· मादक पदार्थ सेवन गरी कुनै पनि सवारी साधन चलाउनु हुँदैन।

-यातायात नियमको पालना गरी यातायात दुर्घटनाबाट आफू बचौं र अरूहरूलाई पनि बचाऔं।

## Q

बाहिर हिंड्दा राहदानी अथवा आवासीय कार्ड अनिवार्य रूपले साथमा लिएर हिंड्नु पर्छ?



## A

बाहिर हिंड्दा राहदानी अथवा आवासीय कार्ड अनिवार्य रूपले साथमा लिएर हिंड्नु पर्छ।

यो जापानको कानुनले तोकेको कुरा हो। प्रहरी अधिकृतले यस्ता कागजपत्र देखाउने माग गर्दा अनिवार्य रूपले देखाई सहयोग गर्नुहोला।

भिसामा निर्धारित बाहेकको काम गर्नु र भिसामा तोकिएको अवधि नाघेर जापानमा बसिरहनु जस्ता काम गैरकानुनी हुन्छ र त्यस्तो व्यक्तिलाई कार्यवाही हुनेछ।

नियम-कानुनको पालना गरी जापानको बसाई राम्रो बनाऔं।

## Q

भूकम्प जस्ता दैवी प्रकोप भएको बेला के गर्नु पर्छ?



## A

भूकम्प आदि भएको बेलामा प्रहरीले यहाँहरूको जीउ-ज्यानको सुरक्षामा प्राथमिकता दिई सुरक्षित गर्ने, अग्लो ठाउँबाट बचाउने जस्ता उद्धार कार्य गर्नेछ।

टेलिभिजन, रेडियो आदिबाट प्रसारित हुने जानकारी र सूचनाप्रति सतर्क रही धैर्यपूर्वक बस्नुहोला।

प्रहरी अधिकृत अथवा स्थानीय प्रशासनका कर्मचारीहरूबाट भाग्नको लागि खबर आएमा जुनसुकै बेला भाग्न सक्ने गरी सधैं तयार रहनु होला।

यदि तपाईं ट्रेनभित्र हुनुहुन्छ भने रेलवे कर्मचारीको निर्देशन बमोजिम भाग्नुहोला।

महाभूकम्प गएमा सडक सुरक्षाको लागि मोटरकार र मोटरसाइकल चलाउन निषेध गरिन्छ।

# सुरक्षा तथा सतर्कता प्रश्न र उत्तर

~तपाईंको सुरक्षित जीवनका लागि~



ひょうごけんけいさつ

HYOGO PREFECTURAL POLICE

नेपाली